# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं वैशाख २८ गते २०११ साल [ संख्या ३८

## भाग १

## कानूनमन्त्रालयको सूचना

संख्या १२६ २४–१–०११

### प्रस्तावना

२००६ साल आश्विन १० गते रोज ४ मा लालमोहर सदर भएको छापाखाना र प्रकाशनसम्बन्धी ऐनमा केही संशोधन गर्नुपर्ने देखिएकोले शाही परामर्शदाताहरूको सल्लाह-अनुसार २०१० साल ज्येष्ठ ६ गते रोज ६ मा निर्णय भै संशोधन गरिबक्सेको।

### छापाखाना र प्रकाशन–सम्बन्धीको

साबिकको ५ (घ) दफा खारेज, त्यसको बदला ५ (घ) दफा–"५ महाराजाधिराज र मौसूफका राजपरिवार, नेपालका र नेपाल स्थित राजदूतहरू, कानून-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम खडा गरिएको सरकार, न्याय—प्रशासन श्री ५ महाराजाधिराजको रैतीमध्ये कुनै जाति, वर्ण, उपजातिलाई घृणा र निरादर गराउने अथवा श्री ५ महाराजाधिराज या मौसूफको सरकारमा अवहेलना र द्वेष बढाउने।

सदर २०११।१।१६। ४ मा

आज्ञाले—

नयनबहादुर,

का. मु सेक्रेटरी—कानूनमन्त्रालय

## कानूनमन्त्रालयको सूचना

१३० २४-१-०११

## प्रस्तावना

२००६ साल वैशाख २६ गते रोज ५ मा लालमोहोर सदर भएको छापाखाना प्रकाशन रजिष्टरी सम्बन्धी ऐनमा केही संशोधन गर्नुपर्ने देखिएकोले शाही परामर्शदाताहरूको सल्लाह—अनुसार २०१० साल ज्येष्ठ १४ गते रोज ४ मा निर्णय भै संशोधन गरिबक्सेको।

## छापाखाना प्रकाशन रजिष्टरीसम्बन्धीको

साबिकको ५ दफा खारेज, त्यसको बदला ५ दफा—नेपाल राज्यभित्र किताप, अखबारहरू छाप्न छापाखाना राख्न चाहनेले छापाखाना राख्ने ठेगाना पत्ता दुरुस्त खुलाई इलाकाका हाकिमछेउ 'म फलानाले फलाना ठाउँमा छाप्ने कामको निमित्त छापाखाना राख्ने भएको छु' भन्ने बेहोराको दरखास्त दी—छापाखाना र प्रकाशनसम्बन्धी ऐनबमोजिम गरूँला, ऐनबर्खिलाप कुनै काम गर्ने गराउनेछैन गरें गराएँ भने ऐनबमोजिम सजाय सहूँला भन्ने ब्यहोराको कागतसमेत गरिदी इजाजत लिई मात्र राख्न पाउँछ।

साबिकको ६ (ख) दफा खारेज गरी त्यसको बदला ६ (ख) दफा—छापी प्रकाश गर्न खोजेको हरएक सामयिक पत्र—पत्रिका आदिका प्रकाशक र मुद्रक इलाकाका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाकिमकहाँ उपस्थित भई छापाखाना र प्रकाश—कस्थानको पूरा पत्ता ठेगाना दी फलाना ठेगानाबाट प्रकाशित हुने फलाना नाउँ गरेको अखबारको म प्रकाशक, मुद्रक हुँ भन्ने बेहोराको २ प्रति दरखास्त दिई—छापाखाना र प्रकाशनसम्बन्धी ऐनबमोजिम गरुँला, ऐनबर्खिलाप कुनै काम गर्ने गराउने छैन, गरें गराएँ भने ऐनबमोजिम सजाय सहुँला' भन्ने बेहोराको कबूलियतको कागतसमेत गरिदिई इजाजत लिनुपर्छ।

साबिक ६ नं. को (ग) दफा खारेज गरी त्यसको बदला (ग) दफा—अखबारको मुद्रक प्रकाशक र छापाखानाका मालिकहरूमध्ये कोही बदलिएमा, घर डेरा सरेमा र अखबारको नाम फेर्नुपरेमा छापाखाना नै सार्नुपरेमा अथवा कोही कसैको ठाउँमा कायम मुकायम भै काम गर्नुपरेमा र सो काममा नयाँ नियुक्ति भएमा समेत माथि दफामा लेखिएबमोजिम दरखास्त दिई कबुलियतको कागत गरी इजाजत लिनुपर्छ।

सदर २०११।१।१६।४ मा

आज्ञाले—

नयनबहादुर,

का. मु. सेक्रेटरी—कानूनमन्त्रालय.

## पब्लिक सर्भिस कमिशन विज्ञापन नं. ३ मा संशोधन

२५–१ ११

शिक्षामन्त्रालयका अनुरोध—अनुसार हिन्दी लेक्चरर पदका निम्ति कमसेकम ५ वर्षसम्म पढाएको अनुभवको विशेष योग्यता र उमेर ३० देखि ४० वर्षसम्म नचाहिने भएकोले यस प. स. कमिशनबाट पूर्व प्रकाशित सूचना नं. ३ मा यो संशोधन गरी सूचित गरिएको छ।

आज्ञाले—

खड्गमान मल्ल एम्. ए.

सेक्रेटरी पब्लिक सर्भिस कमिशन, सिंहदरबार काठमाडौं नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।